# बालबालिकाको उपयुक्त हेरचाहका लागि पारिवारिक शिक्षा

## सचित्र श्रोत पुस्तिका












# बालबालिकाको उपयुक्त हेरचाहका लागि पारिवारिक शिक्षा

**(सचित्र श्रोत पुस्तिका)**


प्रकाशन तथा सर्वाधिकार :


**समाजसेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)**

**Children and Women in Social Services & Human Rights (CWISH)**

त्रिरत्न मार्ग, बुद्धनगर–१०, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २१४३३,
फोन : +९७७–१–४७८४५४५, ४७८१३८६, फ्याक्स : +९७७–१–४७८१३८६,
इमेल: info@cwish.org.np, वेब: www.cwish.org.np



| | | |
|---|---|---|
| सल्लाहकार | : | विमला ज्ञवाली, शान्ती अधिकारी,<br>कृष्ण सुवेदी, सरोज के.सी., युवराज घिमिरे |
| लेखन तथा सम्पादन | : | ध्रुब लामिछाने, प्राप्ती अधिकारी |
| शुद्धासुद्धी | : | रमेश पौडेल |
| चित्र | : | उत्तम नेपाल |
| लेआउट/डिजाईन | : | रमेश भण्डारी, भिम प्रसाद न्यौपाने 'दिपेश' |
| प्रकाशन सहयोग | : | AC BØRNEHJÆLP<br>INTERNATIONAL CHILD SUPPORT |
| प्रकाशन वर्ष | : | सन् २०१५ |

## स्रोत पुस्तिकाको प्रयोग सम्बन्धमा...

हरेक आमाबाबुलाई आफ्ना बालबालिकाको उज्ज्वल भविष्यको चाहना हुनु स्वभाविकै हो तर बालबालिकाको उज्ज्वल भविष्य आमाबाबुले चाहेर मात्र सम्भव छैन । बालबालिकालाई उचित ढङ्गबाट हुर्काउन बढाउनका लागि पारिवारिक वातावरणले पनि महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । यसका लागि नव विवाहित दम्पतीले विवाह पश्चात् बालबालिकाको जन्मका लागि योजना गर्नु पर्दछ । बालबालिकाको वृद्धि र विकासलाई शिशु गर्भमा रहेदेखि नै गर्भवती आमाको स्याहार तथा शिशु जन्मे पश्चात गरिने स्याहारले पनि असर गर्दछ । त्यसैले बालबालिकाको वृद्धि र विकासका लागि सुनौला १००० दिन भन्ने गरिएको छ । अझै पनि कतिपय आमाबाबु तथा परिवारका सदस्यहरूले यस बारेमा खासै ध्यान दिएको पाइदैन । बालबालिकाले परिवारमा आमाबाबु तथा अन्य सदस्यहरूले गर्ने क्रियाकलाप अनुसार आफूलाई पनि त्यसैमा समायोजन गर्न चाहन्छन् । त्यसैले आफ्ना बालबालिकाको उज्ज्वल भविष्यको चाहना गर्ने आमाबाबुले घर परिवारमा पनि सोही अनुसारको वातावरण तयार गर्नु आवश्यक छ ।

घर परिवार पछि बालबालिकाले अधिकांश समय विद्यालयमा बिताउने गर्दछन् । विद्यालयमा बालबालिकालाई शिक्षक/शिक्षिकाले गर्ने व्यवहारले पनि उनीहरूको उज्ज्वल भविष्य निर्माणमा सहयोग गर्दछ । बालबालिका स्वभावैले अरुले गरेका क्रियाकलापहरूको नक्कल गर्न रुचाउँछन् र आफू पनि त्यस्तै हुन चाहन्छन् । बालबालिकाको वृद्धि र विकासका लागि खेल तथा मनोरञ्जनले पनि महत्वपूर्ण भूमिका खेल्दछ । यसका लागि विद्यालय तथा घर परिवारमा आवश्यक वातावरण तयार गरिनु पर्दछ । कतिपय बालबालिका विद्यालय जान चाहदैनन् तर पनि आमाबाबुले उनीहरूलाई जबरजस्ती विद्यालय पठाइरहेका हुन्छन् । बालबालिका विद्यालय जान नचाहनुका विभिन्न कारणहरू हुनसक्छन् जुन कुरामा आमाबाबुले खासै ध्यान दिएको पाइदैन । आमाबाबुले हरेक दिन आफ्ना बालबालिकासँग दिनभर विद्यालयमा भए गरेका क्रियाकलापको बारेमा आफ्ना छोराछोरीसँग बसेर छलफल गर्ने र उनीहरूलाई आएका अप्ठ्याराहरूको बारेमा जानकारी लिई समाधानका उपायको खोजी गर्नु पर्दछ । यसले बालबालिकालाई आफू सुरक्षित र संरक्षित रहेको महसुस गराउँदछ ।

सिविसले बालबालिकाको उपयुक्त हेरचाह तथा बालमैत्री घर परिवार निर्माणका लागि अभिभावक शिक्षा स्रोत पुस्तक प्रकाशन गरेको छ । स्रोत पुस्तकमा बालबालिकाको उज्ज्वल भविष्यका लागि आमाबाबु परिवार विद्यालय, समुदाय तथा बालबालिकासँग सरोकार राख्ने अन्य निकायहरूको भूमिका उल्लेख गरिएको छ । उक्त स्रोतपुस्तकलाई आधार मानी ग्रामीण भेगमा आफ्ना छोराछोरी राष्ट्का असल नागरिक बनून् भन्ने चाहना गर्ने तर लेखपढ गर्न नजान्ने वा सामान्य लेखपढ मात्र गर्न जान्ने अभिभावकलाई आफ्ना छोराछोरीले आफूले चाहे अनुसार प्रगती गरेको हेर्नका लागि उनीहरूको भूमिकाको बारेमा जानकारी गराउन यो सचित्र स्रोत पुस्तिका तयार गरिएको हो ।

स्रोत पुस्तिकालाई विभिन्न तीन भागमा विभाजन गरी बालबालिकाको जन्मका लागि योजना, गर्भवती महिला र नवजात शिशुको स्याहार, बालमैत्री घर परिवार र बालमैत्री विद्यालय निर्माणमा आमाबाबु तथा अभिभावकको के कस्तो भूमिका रहन्छ भन्ने बारेमा सचित्र जानकारी गराउन खोजिएको छ । यो पुस्तिकालाई समुदाय स्तरमा बालबालिकाको सुन्दर भविष्यको चाहना गर्ने अभिभावकहरूलाई अभिभावक शिक्षा (Parenting Education) कार्यक्रम सञ्चालन गर्नका लागि प्रयोग गरिने छ । सहजकर्ताले छलफल गराउँदा सहभागिहरूलाई चित्रमा देखाइएका कुराहरू र हाम्रो गाउमा भैरहेका क्रियाकलापहरूको बीचमा के कस्तो फरक छ ? किन यस्तो भएको होला ? चित्रमा देखाए जस्तै गर्न के गर्नुपर्ला ? यसले बालबालिकामा के कस्तो असर गर्दछ ? त्यसो भए अब हामीले के गर्नुपर्ला ? जस्ता प्रश्नहरु गरी चित्र छलफल गराउनु पर्दछ । प्रत्येक छलफलको अन्त्यमा अब हामीले के गर्ने भनेर योजना गर्नु पर्दछ र योजना गरेका कुराहरूको कार्यान्वयन भए नभएको समय समयमा अनुगमन गर्नु पर्दछ । समुदाय स्तरमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न सहजकर्तालाई सहज होस भनेर सहभागिहरुलाई चित्र देखाएर छलफल गर्न लगाउँदा चित्रको पछाडि सहजकर्ताका लागि सुझाव दिइएको छ यसले छलफल गराउन थप सहयोग पुग्नेछ । यो सचित्र स्रोतपुस्तिका समुदाय स्तरमा छलफल चलाउनका लागि सहजकर्ताका लागि सहयोगी सामग्री मात्र हो । यसका लागि सन्दर्भ सामग्रीको रूपमा बालबालिकाको उपयुक्त हेरचाह र बालमैत्री शिक्षाका लागि अभिभावक शिक्षा स्रोत पुस्तक रहेको छ र हरेक सहजकर्ताले कार्यक्रम सञ्चालन गर्नु पूर्व उक्त स्रोत पुस्तकको अध्ययन गर्नु पर्दछ ।

## सत्र १: बालबालिकाको जन्मका लागि योजना, गर्भवती महिला र नवजात शिशुको स्याहार


**सत्रको उद्देश्य:**

- नवविवाहित दम्पतीले बच्चा जन्माउनका लागि के कस्तो तयारी गर्नु पर्दछ भन्ने बारेमा जानकारी गराउनु ।
- महिलाले गर्भवती अवस्थामा गर्न हुने तथा नहुने कामको बारेमा जानकारी गराई बालबालिकाको सुरक्षित जन्मका लागि स्थानीय स्तरमा सचेतना वृद्धि गर्नु ।
- नवजात शिशुको स्याहारमा परिवारले निभाउनु पर्ने भूमिकाको बारेमा जानकारी गराई बालबालिकाको सुरक्षाको सुनिश्चितताका लागि सहयोग गर्नु ।

**सत्र सञ्चालनको समय अवधि:** ३:०० घण्टा ।

**आवश्यक सामग्री:** न्यूजप्रिन्ट पेपर, मार्कर, मास्किङ टेप आदि ।

# सत्र १: बालबालिकाको जन्मका लागि योजना, गर्भवती महिला र नवजात शिशुको स्याहार



## छलफलका लागि प्रश्न







१. चित्र नं. १ र २ मा तपाईँ के-के देख्नुहुन्छ ?

२. तपाईँले पनि चित्र नं. १ र २ मा देखाए जस्तै कार्य गर्नुभयो कि भएन ? किन ? हाम्रो गाउँघरमा यस चित्रमा देखाए जस्तै गर्न सकिन्छ कि सकिँदैन होला ?

३. चित्रमा देखाए जस्तै गर्दा के-के राम्रो अथवा नराम्रो हुन सक्छ होला ?

४. हामीले चित्रमा देखाए जस्तै कार्य अब गाउँघरमा नै गर्नका सहयोग गर्न सक्छौँ कि सक्दैनौँ होला ?

## सहजकर्ताको लागि सुझावः

चित्र छलफलको अन्त्यमा सहजकर्ताले सहभागीहरूलाई चित्र नं. १ मा विवाह पश्चात् श्रीमान् श्रीमतीले बच्चा जन्माउनका लागि एक आपसमा छलफल गरिरहेको र चित्र नं. २ मा उनीहरूले महिला स्वास्थ्य कार्यकर्तासँग बच्चा जन्माउनका लागि श्रीमान् श्रीमतीले के कस्तो तयारी गर्नुपर्दछ भन्ने बारेमा सल्लाह लिइरहेको जानकारी दिने ।

हाम्रो गाउँघरमा अझ पनि बच्चा जन्माउनका लागि योजना गर्ने तथा परामर्श लिने कुरालाई त्यति ध्यान दिइएको पाइँदैन जसले गर्दा आमा तथा शिशुको स्वास्थ्यमा असर पर्न सक्दछ । यसका लागि हामीले पनि छरछिमेक तथा गाउँघरमा यस किसिमको सरसल्लाह, सुझाव दिने गर्नुपर्दछ भन्ने कुराको जानकारी दिने ।



चित्र नं. १



चित्र नं. २

## छलफलका लागि प्रश्न


चित्र नं. ३


चित्र नं. ४


१. यस चित्रमा तपाईँहरूले के-के देख्नुभयो ? के हामीले पनि चित्रमा देखाए जस्तै गर्ने गरेका छौँ ?


२. चित्रमा देखाए जस्तै गर्दा गर्भवती आमा र बच्चाको लागि के-के राम्रो र के-के नराम्रो हुनसक्छ होला ? (सहभागीको जवाफको आधारमा सहजकर्ताले राम्रा तथा नराम्रा कुराहरूको विवरण न्यूजप्रिन्ट पेपरमा तयार गर्ने र उनीहरूलाई पुनः एक पटक पढेर सुनाउने) ।

३. चित्रमा देखाए जस्तै कार्य हाम्रो गाउँमा गर्न सकिन्छ कि सकिँदैन होला भन्ने प्रश्न गरी आफ्नो टोल छिमेकमा जानकारी गराउने गरी कार्ययोजना तयार गर्ने ।

## सहजकर्ताको लागि सुझावः

चित्र नं. ३ मा गर्भवती अवस्थामा महिलाहरूले सेवन गर्न हुने र नहुने कुराहरूको बारेमा जानकारी गराइएको छ । हाम्रो गाउँघरमा यस्ता कुराहरूमा ध्यान दिएको पाइँदैन । गर्भवती महिलाहरूलाई अन्य अवस्थामा भन्दा बढी पौष्टिक आहारको आवश्यकता पर्ने हुँदा परिवारले विशेष ध्यान दिनु पर्दछ । गर्भवती भएको बेलामा महिलाले सेवन गर्ने कुराहरूले गर्भमा रहेको बच्चालाई समेत असर गर्ने हुँदा यस्ता असर गर्ने कुराको सेवनबाट टाढै बस्नु पर्दछ । त्यसैगरी गर्भवती महिलाको चित्र ४ मा देखाए अनुसार नियमित रूपमा स्वास्थ्य परीक्षण गराई गर्भमा रहेको शिशुको स्वास्थ्यको बारेमा जानकारी लिनुपर्दछ । तर आजभोलि गर्भवती महिलाको गर्भमा रहेको शिशुको लिङ्ग परीक्षण गरी गर्भपतन गर्ने कार्य बढ्दै गएको छ । यसरी लिङ्ग पहिचानको आधारमा गर्भपतन गराउनु कानुनी रूपमा दण्डनीय हो भन्ने कुराको जानकारी गराउनु पर्दछ ।


चित्र नं. ३
रक्सी
खैनी
गुट्खा


चित्र नं. ४
भिडियो
एक्सरे

## छलफलका लागि प्रश्न







१. चित्र नं. ५ र ६ मा तपाईँहरूले के-के देख्नु हुन्छ ? चित्रमा देखाए जस्तै काम हामीले पनि गरेका छौँ कि छैनौँ ?

२. चित्रमा देखाए जस्तै कामले गर्भवती महिलामा कुनै असर पर्दछ कि पर्दैन होला ? त्यस्ता असरहरू के-के हुन सक्लान् ?

३. गर्भवती अवस्थामा आउने यस्ता समस्याहरूबाट बच्न के-के गर्न सकिन्छ होला ?

## सहजकर्ताको लागि सुझाव:

गर्भवती अवस्थामा महिलाहरूले गह्रौं भारी बोक्ने तथा शारीरिक क्षमता भन्दा बढी काम गर्नाले गर्भमा रहेको बच्चाको विकासमा नकारात्मक असर पर्दछ। त्यसैले परिवारका सदस्यहरूले यस्ता कुराहरूमा विशेष ध्यान दिनु आवश्यक छ।

गर्भवती अवस्थामा महिलाहरूले आफूलाई आइपरेका कतिपय समस्याहरू खुलस्त रूपमा परिवारमा राख्न नसक्ने भएको र गाउँघरमा महिलाहरूको कार्यबोझ पनि बढी हुने भएकाले यस्तो अवस्थामा परिवारका सदस्यहरूले उनीहरूको विशेष ख्याल गर्नुपर्दछ। गर्भवती अवस्थामा उनीहरूको आवश्यक हेरचाह हुन नसकेमा आमा तथा बच्चा दुवैलाई असर गर्न सक्दछ भन्ने कुराको जानकारी गराउने।


चित्र नं. ५


चित्र नं. ६

## छलफलका लागि प्रश्न


चित्र नं. ७


चित्र नं. ८

१. चित्रमा तपाईंहरूले के-के देख्नुभयो ? के हाम्रो गाउँघरमा पनि यस्तै हुन्छ ? यदि हुँदैन भने किन नभएको होला ?

२. चित्रमा देखाए जस्तै गर्दा गर्भवती आमा तथा शिशुमाथि के कस्तो प्रभाव पर्छ होला ? किन ?

## सहजकर्ताको लागि सुझाव:

गर्भवती अवस्थामा महिलाहरूले शारीरिक रूपमा असर पर्ने गरी काम गर्दा त्यसको असर गर्भमा रहेको बच्चालाई पनि पर्दछ । गर्भवती महिलाले यस्तो अवस्थामा ख्याल गर्नुपर्दछ । महिलाहरू प्रायः आफू उक्त कार्य गर्न असक्षम रहेको कुरा बताउन अप्ठ्यारो मान्न सक्छन् । परिवारका सदस्यहरूले उनीहरूको अवस्था बारेमा ख्याल गर्ने र सहयोग गर्नु पर्दछ । जसले गर्भमा रहेको बच्चा र आमा दुवैलाई फाइदा हुन्छ ।
फ

## चित्र नं. ७



## चित्र नं. ८



## छलफलका लागि प्रश्न



चित्र नं. ९

१. चित्रमा तपाईँहरूले के-के देख्नुभयो ? के हामीले पनि यस्तै गर्ने गरेका छौँ ?

२. चित्रमा देखाए अनुसार हामीले के-के गर्न हुन्छ र के-के गर्न हुँदैन जस्तो लाग्दछ ? किन ?


३. चित्रमा देखाए अनुसार गर्न हाम्रो गाउँघरमा सम्भव छ कि छैन ?

## सहजकर्ताको लागि सुझाव:

गाउँमा नवजात शिशुको जन्म पछि के-के गर्नु पर्दछ वा के-के गर्नुहुँदैन भन्ने बारेमा विभिन्न भ्रमहरू रहेको पाइन्छ। यस्ता भ्रमहरूले नवजात शिशुलाई असर गर्दछ र कतिपय अवस्थामा शिशुको मृत्यु समेत हुने गरेको पाइन्छ। सहजकर्ताले बच्चा जन्मेपछि नाभी काट्न प्रयोग गरिने सामग्रीहरू निर्मलीकरण गरिनु पर्ने, नवजात शिशुलाई आमाको दूध खुवाउनु पर्ने, न्यानो कपडामा राख्नु पर्ने तथा घाममा सुताउनु पर्ने कुराको जानकारी गराउने। गाउँघरमा यस बारेमा फरक विचारहरू आउन सक्छन् जुन कुराले नवजात शिशुलाई असर गर्न सक्दछ। त्यसैले के गर्ने वा के नगर्ने भन्ने बारेमा स्थानीय स्तरमा महिला स्वास्थ्य स्वयंसेविकाहरूसँग पनि सल्लाह लिन सकिन्छ भन्ने जानकारी गराउनु पर्दछ।



## नवजात शिशुको स्याहार सम्बन्धी केही यथार्थ तथ्यहरु



चित्र नं. ९







## छलफलका लागि प्रश्न







१. चित्रमा के–के देख्नु हुन्छ ? तपाईँहरूको विचारमा चित्रमा देखाए जस्तै गरी हाम्रा बालबालिकाको पनि स्वास्थ्य जाँच गराउनु आवश्यक छ कि छैन ? किन ?

२. चित्रमा देखाए जस्तै गरी हामीले हाम्रा बालबालिकाको नियमित स्वास्थ्य जाँच गराउने गरेका छौँ ? छैनौँ भने कहाँ गएर जचाउने गरेका छौँ ?

३. नियमित स्वास्थ्य जाँच गराएका र नगराएका बालबालिकामा के कस्तो फरक पाउनु भएको छ ?


## सहजकर्ताको लागि सुझावः

चित्र छलफलको अन्त्यमा सहभागीहरूलाई नियमित रूपमा बालबालिकाको स्वास्थ्य जाँच गराई आधारभूत खोपहरू समयमा नै दिनु पर्दछ। यसका लागि गाउँघरमा नै स्वास्थ्य कार्यकर्ताहरू आउने गर्दछन्। हाम्रो गाउँको स्वास्थ्य चौकीमा पनि यस किसिमको सेवा उपलब्ध छ। बालबालिकाको नियमित स्वास्थ्य जाँच गरी औषधी सेवन गराउँदा उनीहरू बढी सुरक्षित हुन्छन्। गाउँमा स्वास्थ्य जाँच नगराई औषधी खुवाउने गरेको पाइन्छ। यसो गर्दा बालबालिका जोखिममा पर्दछन्। त्यसैले बालबालिकालाई स्वास्थ्य कार्यकर्ताको सल्लाहबिना औषधी सेवन गराउनु हुँदैन भन्ने कुराको जानकारी दिने।

चित्र नं. १०



चित्र नं. ११



## छलफलका लागि प्रश्न


चित्र नं. १२

१. चित्रमा तपाईँहरूले के देख्नुभयो ? हामीले पनि चित्रमा देखाए जस्तै गर्ने गरेका छौं त ? यदि गरिरहेका छैनौं भने हामी यस्तै गर्न सक्छौं कि सक्दैनौं होला ?

२. बजारमा तयारी सर्वोत्तम पिठो र घरमा नै तयार गरिएको सर्वोत्तम पिठो मध्ये बालबालिकाका लागि कुन बढी प्रभावकारी होला ? किन ?

३. हामीले बालबालिकाका लागि घरमा नै पौष्टिक आहार तयार गर्न के-के प्रयोग गर्न सक्छौं ?

## सहजकर्ताको लागि सुझाव:

गाउँमा अधिकांश मानिसको बुझाइ बालबालिकाको लागि आवश्यक पौष्टिक आहार बजारमा उपलब्ध हुन्छ भन्ने रहेको पाइन्छ। जसको कारण उनीहरूले बजारमा तयारी पौष्टिक आहार नै खोज्ने गर्दछन्। तर गाउँघरमा उपलब्ध गेडागुडीबाट पनि बालबालिकाका लागि घरमा नै बजारमा उपलब्ध तयारी पौष्टिक आहार भन्दा गुणस्तरीय र स्वस्थकर पौष्टिक आहार तयार सकिन्छ भन्ने कुराको जानकारी दिनुपर्दछ।




चित्र नं. १२

## छलफलका लागि प्रश्न



चित्र नं. १३

१. चित्रमा तपाईँहरूले के देख्नुहुन्छ ? दुईवटा चित्रमा तपाईँहरूले कुनै फरक पाउनु भयो ? यदि पाउनु भयो भने के कस्तो फरक छ त ?

२. हाम्रो गाउँघरमा पनि हामीले बालबालिकाको जन्म हुँदा चित्रमा देखाए जस्तै फरक पाउँछौँ ?

३. चित्रमा देखाए जस्तै बालबालिकाको जन्म हुँदा जन्मान्तर कम वा बढी हुँदा के राम्रो हुन्छ र के राम्रो हुँदैन ?

## सहजकर्ताको लागि सुझाव:


सहजकर्ताले छलफलको अन्त्यमा बालबालिकाको जन्मका लागि आमा/बुबाले कति समयको फरकमा बच्चा जन्माउने भनेर सल्लाह गर्नु पर्ने, उचित जन्मान्तरले बालबालिकाको विकासमा सहयोग पुग्ने र बालबालिका स्वस्थ हुने, उनीहरूको स्याहारसुसारमा उचित ध्यान दिन सकिने भएकाले गाउँघरमा आवश्यक सल्लाह सुझाव दिनुपर्ने कुराको जानकारी गराउने । जन्मान्तर नभई बच्चा जन्माउँदा बालबालिकाको वृद्धि र विकासमा असर गर्दछ साथै परिवारले उनीहरूको स्याहारसुसारमा ध्यान दिन नसक्ने हुन्छ भन्ने कुराको जानकारी दिने ।

## चित्र नं. १३

उचित जन्मान्तर भएका



उचित जन्मान्तर नभएका



## छलफलका लागि प्रश्न


चित्र नं. १४

१. चित्रमा तपाईंहरूले के देख्नुभयो ? यो परिवार किन खुसी देखिएको होला ?


२. के हाम्रो गाउँघरमा पनि सबै परिवार चित्रमा देखाए जस्तै खुसी छन् त ? किन ?

३. चित्रमा देखाए जस्तै हाम्रो परिवारलाई पनि खुसी पार्न हामीले के-के गर्नुपर्ला ?

## सहजकर्ताको लागि सुझावः

सहजकर्ताले कक्षाको अन्त्यमा यो परिवार सुखी/खुसी रहनुका कारणहरू के-के होलान् भन्ने बारेमा छलफल चलाई यस सत्रको सुरुदेखि नै छलफल गराइएका चित्रहरूको निष्कर्ष निकाल्नु पर्दछ । परिवार सुखी रहन नवविवाहित दम्पतीले विवाह पश्चात् बालबालिकाको जन्मका लागि योजना गरी आफू बच्चा जन्माउन सक्षम रहे नरहेको यकिन गर्ने, गर्भवती अवस्थामा नियमित स्वास्थ्य परीक्षण गराउने, शिशुको जन्म पश्चात् आवश्यक स्याहारसुसार गर्ने तथा उनीहरूको स्वास्थ्यमा ध्यान दिने आदि कार्यले परिवारलाई सुखी बनाउने हुँदा यस्ता कुरामा हामीले विशेष ध्यान दिनुपर्छ भन्ने कुराको जानकारी गराई कक्षा समापन गर्ने ।

# चित्र नं. १४



# सत्र २: बालमैत्री घर परिवार

**सत्रको उद्देश्यः**

- बालबालिकाको उपयुक्त हेरचाहका लागि परिवारको भूमिका तथा जिम्मेवारीको बारेमा सचेतना वृद्धि गर्नु ।

- बालबालिकाको वृद्धि र विकासका लागि घर परिवारमा हुनुपर्ने वातावरण निर्माणका लागि परिवारलाई सचेत गराउनु ।

- बालबालिकालाई जीवनोपयोगी सीप तथा संस्कारको बारेमा सिकाउन परिवारको भूमिकाको बारेमा जानकारी गराउनु ।

**सत्र सञ्चालनको समय अवधिः** १:३० घण्टा ।

**आवश्यक सामग्रीः** न्यूजप्रिन्ट पेपर, मार्कर, मास्किङ टेप आदि ।

# सत्र २: बालमैत्री घर परिवार







## छलफलका लागि प्रश्न







१. चित्रमा तपाईँले के देख्नुभयो ? तपाईँ हाम्रो परिवारमा पनि यस्तै हुन्छ कि हुँदैन ?

२. पहिलो र दोश्रो चित्रमा तपाईँहरूले के कस्तो भिन्नता पाउनु हुन्छ ?

३. पहिलो चित्रमा देखाए जस्तो व्यवहारले बालबालिकामाथि के कस्तो असर गर्दछ ?

४. दोश्रो चित्रमा देखाए अनुसार व्यवहार गर्नाले बालबालिकामाथि के कस्तो प्रभाव पर्न सक्छ ?

## सहजकर्ताको लागि सुझाव:

सहजकर्ताले माथि उल्लेख गरिएका दुईवटा चित्रहरूमा के कस्तो भिन्नता रहेको छ भन्ने बारेमा सहभागीहरूलाई प्रश्न गरी सहभागीहरूबाट आएका भिन्नताहरूलाई न्युजप्रिन्ट पेपर तथा सेतोपाटीमा टिप्नुपर्दछ। सहभागीबाट आएका कुराहरूका आधारमा बालबालिकाको लागि उक्त कुराहरूले के कस्तो राम्रो तथा नराम्रो असर गर्दछ भन्नेबारेमा छलफल चलाउनुपर्दछ। छलफलको अन्त्यमा बालबालिकालाई परिवारका सदस्य तथा अभिभावकहरूले विशेष ध्यान दिनुपर्ने कुराको जानकारी गराउने। उनीहरूका जिज्ञासाहरूको झर्को नमानी जवाफ दिँदा हुने सकारात्मक पक्षको बारेमा जानकारी दिनुपर्दछ जसले गर्दा बालबालिका सिर्जनशील हुन्छन् भन्ने सन्देश दिनु पर्दछ। बालबालिका स्वभावैले बढी जिज्ञासु हुने र नयाँ नयाँ कुरा गर्न चाहने हुन्छन्। यसमा परिवारका सदस्यहरूले झर्को नमानी उनीहरूका जिज्ञासा मेटाउनु पर्दछ। बालबालिकालाई हप्काउने तथा गाली गर्ने गर्नाले उनीहरू अभिभावक भन्दा टाढा रहन खोज्ने र कुलतमा समेत पर्न सक्ने हुँदा यस कुरामा सधैँ सचेत हुनु पर्दछ।


चित्र नं. १५


चित्र नं. १६

## छलफलका लागि प्रश्न




१. चित्रमा तपाईँहरूले के-के देख्नु भयो ? तपाईँले के कस्तो फरक/भिन्नता पाउनुभयो ?

२. चित्रमा देखाए जस्तो हाम्रो घरमा पनि छ कि छैन ?

३. चित्रमा देखाएका कुराहरूले बालबालिकालाई के कस्तो फाइदा वा बेफाइदा हुन्छ होला ?

## सहजकर्ताको लागि सुझाव:

सहजकर्ताले चित्रको आधारमा छलफल गरिसकेपछि सहभागीहरूलाई बालबालिकाको उज्ज्वल भविष्यका लागि घर परिवारमा पनि उपयुक्त वातावरण हुनु पर्ने र यसका लागि अभिभावकले ध्यान दिनुपर्ने बताउनु पर्दछ। बालबालिका आफ्ना गतिविधि अभिभावकलाई देखाउन चाहन्छन् र अभिभावकबाट प्रशंसा तथा हौसलाको अपेक्षा पनि राखेका हुन्छन्। बालबालिकालाई नयाँ नयाँ काम गर्न आवश्यक वातावरण बनाउने जिम्मेवारी अभिभावकको हो। बालबालिकाले कुनै काम बिगारेमा उनीहरूलाई पुनः नदोहोर्‍याउन भन्नु पर्दछ, यसले बालबालिकामा सकारात्मक सोचको विकास हुन्छ भन्ने कुराको सन्देश दिनु पर्दछ।

# चित्र नं. १७



## छलफलका लागि प्रश्न




१. चित्रमा तपाईँहरूले के-के देख्नुभयो ? तपाईँले के कस्तो फरक/भिन्नता पाउनुभयो ?

२. चित्रमा देखाए जस्तो हाम्रो घरमा पनि छ कि छैन ?

३. चित्रमा देखाएका कुराहरूले बालबालिकालाई के कस्ता फाइदा वा बेफाइदा हुन्छन् होला ?

## सहजकर्ताको लागि सुझाव:

सहजकर्ताले सहभागीहरूलाई चित्रमा देखाए अनुसारको वातावरण भए नभएको बारेमा छलफल गराई बालबालिकालाई विद्यालयमा पठाउँदैमा उनीहरूले राम्रोसँग पढ्छन् भन्ने छैन उनीहरूको लागि घरमा पनि शैक्षिक वातावरण हुनु आवश्यक छ । कतिपय अभिभावकले बालबालिकालाई हप्काउने तथा गाली गर्नाले उनीहरू अभिभावकको छेउमा नै नआउने हुन्छन् । बालबालिका अभिभावक भन्दा टाढा रहँदा उनीहरूलाई विभिन्न किसिमका जोखिमताहरू आउन सक्छन्, यस कुरामा अभिभावकले विशेष ध्यान दिनु पर्दछ । त्यसैले घरपरिवारमा बालबालिकाको लागि उपयुक्त/बालमैत्री वातावरण कसरी तयार गर्ने भन्ने बारेमा अभिभावकहरूले सोच्नुपर्ने बारेमा सन्देश दिने ।

## चित्र नं. १८






## छलफलका लागि प्रश्न

१. चित्रमा तपाईँहरूले के-के देख्नुभयो ? तपाईँले के कस्तो फरक/भिन्नता पाउनुभयो ?

२. चित्रमा देखाए जस्ता क्रियाकलापहरू हाम्रो घरमा हुने गरेको छ कि छैन ?

३. चित्रमा देखाएका कुराहरूले बालबालिकालाई के कस्तो फाइदा वा बेफाइदा हुन्छ होला ?

## सहजकर्ताको लागि सुझाव:

बालबालिका आफ्नो परिवारका सदस्य तथा अभिभावकले गर्ने व्यवहारबाट धेरै कुरा सिक्ने गर्दछन् । त्यसैले घर परिवारलाई बालबालिकाको पहिलो विद्यालयको रूपमा पनि लिइन्छ । सानो उमेरमा नै उनीहरू अभिभावकले गर्ने कामहरूको नक्कल गर्ने र आफू पनि सोही अनुसार गर्न बढी मन पराउँछन् । कतिपय अभिभावकहरूले उनीहरूलाई यस्ता काम गर्न दिँदैनन् र बालबालिकालाई गाली गर्दछन् । जसको कारण बालबालिका पुनः त्यस्तो काम गर्न रुचाउँदैनन् । बालबालिकालाई उनीहरूको रुचि अनुसार जीवन उपयोगी सीपहरू सिकाउनु पर्दछ, जसले उनीहरूलाई सानै उमेरदेखि नै समाजमा घुलमिल हुन सिकाउँदछ । यसका लागि अभिभावकको महत्वपूर्ण भूमिका हुन्छ भन्ने सन्देश दिने ।


चित्र नं. १९

## छलफलका लागि प्रश्न



चित्र नं. २०



चित्र नं. २१

१. चित्रमा तपाईंहरूले के-के देख्नुभयो ?


२. चित्रमा देखाए जस्ता क्रियाकलापहरू हाम्रो घरमा पनि हुने गरेका छन् ?

३. चित्रमा देखाएका कामहरूबाट बालबालिकाले के कस्ता कुराहरू सिक्न सक्छन् ?

## सहजकर्ताको लागि सुझाव:

बालबालिकाले आफूले देखेका कुराहरूबाट नै जीवनमा गर्न हुने र नहुने कुराको जानकारी पाउँछन् । गाउँघरमा टोलको सरसफाई गर्ने कार्यमा अभिभावकको सहभागिता हुने गरेको छ भने बालबालिकाले पनि आफ्नो र वातावरणीय सरसफाई गर्नुपर्दछ भन्ने कुराको जानकारी पाउँछन् । परिवारमा अशक्त व्यक्तिलाई आमा बुबाले गरेको सहयोग देखेर उनीहरूले पनि त्यस्ता व्यक्तिहरूलाई सम्मान र सहयोग गर्नुपर्दछ भन्ने बारेमा जानकारी पाउँदछन् । त्यसैले अभिभावकहरूले बालबालिकालाई सिकाउन आफूले पनि त्यस किसिमका व्यवहारहरू गर्नु पर्दछ भन्ने सन्देश दिनु पर्दछ ।


चित्र नं. २०


भोलिपर्सि
बुबा-ममीबूढो भएपछि
हामीले पनि यसैगरी
सेवा गर्नु पर्छ !
चित्र नं. २१

# सत्र ३: बालमैत्री विद्यालय

**सत्रको उद्देश्य:**

- बालमैत्री विद्यालय निर्माणका लागि अभिभावकको भूमिकाको बारेमा जानकारी गराउनु ।
- बालबालिकालाई विद्यालय तथा घर परिवारमा हुने दुर्व्यवहारबाट जोगाउन परिवारलाई सचेत गराउनु ।
- विद्यालयमा बालबालिका तथा अभिभावकको सहभागिता वृद्धि गरी बालमैत्री विद्यालय निर्माणका लागि अभिभावकहरूलाई सक्रिय गराउनु ।

**सत्र सञ्चालनको समय अवधि:** २ घण्टा ।

**आवश्यक सामग्री:** न्यूजप्रिन्ट पेपर, मार्कर, मास्किङ टेप आदि ।

# सत्र ३: बालमैत्री विद्यालय








## छलफलका लागि प्रश्न


चित्र नं. २२


चित्र नं. २३

१. चित्रमा तपाईँहरूले के-के देख्नुभयो ? के हाम्रा बालबालिका पढ्ने विद्यालयमा पनि यस्तो हुने गरेको छ ?

२. के तपाईँका बालबालिकाले विद्यालयमा चित्रमा देखाए जस्तै क्रियाकलाप भयो भनेर भन्ने गरेका छन् ?


३. तपाईँका बालबालिकाले चित्रमा देखाए जस्तो दुर्व्यवहार विद्यालयमा आफूमाथि भयो भनी तपाईँलाई भनेका खण्डमा तपाईँ के गर्नुहुन्छ ?


४. तपाईँले कहिल्यै विद्यालयमा तपाईँका बालबालिकामाथि दुर्व्यवहार भयो भन्ने कुरा लिएर विद्यालयमा जानुभएको छ ?

५. तपाईँको विचारमा चित्रमा देखाए जस्तै गतिविधिले बालबालिकाको शिक्षामा कुनै असर गर्छ कि गर्दैन होला ?

## सहजकर्ताको लागि सुझाव:

चित्रको छलफल पश्चात् सहजकर्ताले सहभागीहरूलाई हाम्रा बालबालिका पढ्ने विद्यालयमा पनि चित्रमा देखाए जस्तै विभिन्न किसिमका दुर्व्यवहारहरू हुन सक्छन्। कतिपय विद्यालयमा अझै पनि बालबालिकामाथि शारीरिक दण्ड सजाय हुनेगरेको पाइन्छ। बालबालिकालाई माया गरेको जस्तो गरी उनीहरूका संवेदनशील अङ्ग चलाउने तथा गालामा चिमोट्ने कार्य घर परिवार तथा विद्यालयमा पनि भएको हुन सक्दछ। यस्ता गतिविधिका कारणबाट बालबालिकाले असुरक्षित तथा असहज महसुस गरिरहेका हुन्छन्। तर बालबालिकाले आफूमाथि भएका यस्ता दुर्व्यवहारहरू घरमा नभन्न पनि सक्छन्। विद्यालयमा हुन सक्ने यस्ता गतिविधिले बालबालिकालाई मानसिक रूपमा असर गरिरहेको हुन्छ र उनीहरू लेखपढ गर्न मन नपराउने हुन्छन्। उनीहरूमाथि यस्ता गतिविधि नहोस् भनेर विद्यालयमा अभिभावकहरू नियमित रूपमा जानुपर्दछ र बालबालिकासँग पनि नियमित छलफल गर्नुपर्दछ। अभिभावकले प्रत्येक दिन बालबालिकासँग विद्यालयमा भए गरेका क्रियाकलापका बारेमा छलफल गर्ने, उनीहरूलाई एकदमै राम्रो लागेको तथा नराम्रो लागेको विषयमा छलफल गर्ने, उनीहरूलाई अनुशासित र मेहनती हुन प्रोत्साहन दिने आदि कार्य गर्नाले बालबालिकाले आफूलाई अप्ठ्यारो परेका कुरा सहज रुपमा बताउन सक्छन्। कतिपय अवस्थामा बालबालिका मानसिक रूपमा डराइरहेका छन् भने परिवारले उनीहरूका इच्छा अनुसारका चित्रहरू बनाउन लगाएर पनि उनीहरूका बारेमा जानकारी लिन सकिन्छ यसका लागि बालबालिकालाई सधैँ प्रोत्साहन दिनु पर्दछ भन्ने कुराको सन्देश दिने।


चित्र नं. २२


चित्र नं. २३

## छलफलका लागि प्रश्न



चित्र नं. २४

१. चित्रमा तपाईँहरूले के-के देख्नुभयो ? के हाम्रो बालबालिका पढ्ने विद्यालयमा पनि चित्रमा देखाए जस्तै छ ?

२. तपाईँ विद्यालयमा के कस्तो गतिविधि हुन्छ भनेर जाने गर्नुभएको छ ?

३. हाम्रो गाउँको विद्यालयलाई पनि चित्रमा देखाए जस्तै बनाउन के गर्नुपर्दछ होला ?

## सहजकर्ताको लागि सुझावः

हाम्रो गाउँको विद्यालयलाई बालमैत्री बनाउन अभिभावकहरूको महत्वपूर्ण भूमिका रहने गर्दछ। विद्यालयमा अभिभावकको सहभागिताले बालबालिकाको शैक्षिक गुणस्तर सुधारका लागि सहयोग पुग्दछ। विद्यालयमा बालबालिकाको नियमित सिकाई मूल्याङ्कन गर्ने गरेको छ छैन, विद्यालयमा जातजाति, धार्मिक आस्था, लिङ्ग तथा शारीरिक अपाङ्गताको आधारमा बिना भेदभाव पठनपाठन गर्ने गरेको छ कि छैन भन्ने कुराको सुनिश्चित गर्ने जिम्मेवारी अभिभावकको हो। कतिपय अवस्थामा बालबालिका बीच पनि यस किसिमको विभेद भएको हुन सक्दछ। यसका लागि विद्यालयमा अभिभावकहरूको सहभागिता आवश्यक छ। विद्यालयमा बालबालिकाको सुरक्षा, खेल तथा मनोरञ्जनका लागि आवश्यक सामग्री भए नभएको यकिन गरी उक्त कुराको व्यवस्थापनमा अभिभावकले विद्यालयलाई सहयोग गर्नु गर्दछ। यसले बालबालिकाको शैक्षिक गुणस्तर सुधारका साथै विद्यालयलाई बालबालिका मैत्री बनाउन सहयोग गर्दछ।




चित्र नं. २४

## छलफलका लागि प्रश्न



चित्र नं. २५

१. चित्रमा तपाईँहरूले के-के देख्नुभयो ? के हाम्रो विद्यालयमा पनि यस्तै छ ? यदि छैन भने यसले बालबालिकामा के कस्तो प्रभाव पार्छ ?

२. हाम्रो विद्यालयमा पनि चित्रमा देखाए जस्तै व्यवस्था मिलाउन के-के गर्नुपर्दछ होला ?


३. हाम्रो विद्यालयलाई चित्रमा देखाए जस्तै बनाउन हामीले के कस्तो सहयोग गर्न सक्छौँ ?

४. विद्यालयमा चित्रमा देखाए जस्तै पूर्वाधारको व्यवस्थापन भएमा बालबालिका र उनीहरूको पढाईमा के कस्तो फरक आउँछ होला ?

## सहजकर्ताको लागि सुझावः

सहजकर्ताले सहभागीहरूलाई छलफलको निष्कर्ष निकाल्दै कतिपय बालबालिका विद्यालयमा बालमैत्री पूर्वाधारको अभावमा विद्यालय छोड्ने, विद्यालयमा नियमित नआउने तथा पढाईमा कमजोर हुने गर्दछन् । यसका लागि अभिभावकले विद्यालयमा बालबालिकाको उमेर अनुसार बस्ने व्यवस्था मिलाउने, विद्यालयमा बालबालिकाको सहज रूपमा पहुँच पुग्ने गरी धारा तथा शौचालयको व्यवस्थापन गर्ने, विद्यालयमा रुचि अनुसार अध्ययन गर्नका लागि पुस्तकालयको व्यवस्था गर्ने कार्यका लागि अभिभावकहरूले विद्यालयलाई सहयोग गर्नु पर्ने कुराको जानकारी गराउने । कतिपय विद्यालयमा यस किसिमको पूर्वाधारहरू नहुन पनि सक्दछन् । त्यस्तो अवस्थामा स्थानीय स्तरमा उपलब्ध श्रोत साधनको उपयोग गरी आवश्यक व्यवस्था मिलाउने कार्यमा शिक्षक अभिभावकहरू बिच सहकार्य हुनु आवश्यक छ ।

# चित्र नं. २५











चित्र नं. २६

## छलफलका लागि प्रश्न

१. चित्रमा तपाईँहरूले के-के देख्नुभयो ? के हाम्रो विद्यालयमा पनि यस्तै व्यवस्था छ ?

२. हाम्रो विद्यालयलाई कसरी चित्रमा देखाए जस्तै बनाउन सकिन्छ होला ?

३. चित्रमा देखाएको व्यवस्था विद्यालयमा नहुँदा बालबालिकालाई के कस्तो असर पर्दछ होला ?

४. हाम्रो विद्यालयमा चित्रमा देखाए जस्तै व्यवस्थापन गर्न सकिन्छ कि सकिँदैन ? यसका लागि हामीले के कस्तो सहयोग गर्न सक्छौँ ?

## सहजकर्ताको लागि सुझावः

बालबालिका स्वभावैले सुनेको कुरा भन्दा देखेको र आफैँले प्रयोग गरेका कुराहरू बढी सम्झने स्वभावका हुन्छन् । विद्यालयमा बालबालिकालाई प्रदर्शन विधि मार्फत शिक्षण सिकाई तथा सिकेका कुरालाई व्यवहारमा उतार्न प्रयोगात्मक अभ्यास गर्दा उनीहरूले सिकेको सिकाई दीर्घकालीन हुन्छ । यसका लागि विद्यालयमा उपलब्ध सामग्रीको प्रयोग तथा स्थानीय स्तरमा नै शैक्षिक सामग्री निर्माण गर्न सकिन्छ । विद्यालयमा बालबालिका बिरामी पर्दा तथा शारीरिक रूपमा सामान्य चोटपटक लाग्दा उनीहरूको प्राथमिक उपचार गर्ने तथा आराम गर्ने कोठाको व्यवस्था छ कि छैन भन्ने बारेमा अभिभावकहरूले जानकारी लिनुपर्दछ र यसका लागि योजना गर्नुपर्दछ । यसका लागि अभिभावकहरूले विद्यालयसँग समन्वय गरी आवश्यक योजना तर्जुमा गर्ने तथा कार्यान्वयन गर्ने गर्नु पर्दछ ।

# चित्र नं. २६


नेपाल
हिमाल
पाहाड
तराई
१४ अञ्चल
७५ जिल्ला
NEPAL
आराम कक्ष
First Aid Box
Google
विद्यालय
FIRST AID BOX

## छलफलका लागि प्रश्न



चित्र नं. २७

१. चित्रमा के-के भइरहेको छ ? के हाम्रा बालबालिका पनि विद्यालयमा हुने यस्ता गतिविधिहरूमा सहभागी हुने गरेका छन् ?




चित्र नं. २८



चित्र नं. २९

२. बालबालिकालाई चित्रमा देखाए अनुसारका क्रियाकलापहरूमा सहभागी गराउँदा के-के फाइदा र के-के बेफाइदा हुन्छ होला ?

३. तपाईँका बालबालिकाले विद्यालयमा हुने यस्ता क्रियाकलापका बारेमा जानकारी गराउने गरेका छन् ? तपाईँ उनीहरूका यस्ता क्रियाकलापमा सहभागी भएर उनीहरूलाई हौसला दिनुभएको छ ?

## सहजकर्ताको लागि सुझाव:

विद्यालयमा बालबालिकाको सहभागिताले विद्यालयको समग्र प्रगतिमा योगदान पुऱ्याउँछ । बालबालिकाको बारेमा कुनै निर्णय गर्नु पर्दा उनीहरूको भनाई सुन्ने र सोही अनुसार निर्णय गर्ने गर्नु पर्दछ । विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको सहभागिताले उनीहरूलाई आएका समस्याको बारेमा जानकारी हुने तथा अब के गर्ने भनेर योजना गर्न सजिलो हुने गर्दछ । बालबालिकाको बौद्धिक क्षमता विकासका लागि समय समयमा विद्यालयमा हुने प्रतियोगितात्मक तथा अतिरिक्त क्रियाकलापहरूमा सहभागी हुन प्रोत्साहन गर्नु पर्दछ भने कतिपय अवस्थामा यस्ता कार्यक्रमको आयोजना तथा सञ्चालन गर्ने जिम्मेवारी बालबालिकालाई नै दिनु राम्रो हुन्छ । बालबालिकाको प्रगतिमा हौसला प्रदान गर्ने तथा असफल हुँदा पनि उनीहरूलाई सान्त्वना दिँदै अर्को पटक सफल हुन हौसला प्रदान गर्नु पर्दछ । यसले बालबालिकामा सकारात्मक सोचाइको विकास हुने गर्दछ । बालबालिकाको सहभागिताका लागि अभिभावकले पनि आवश्यक वातावरण तयार गर्नु पर्दछ भन्ने जानकारी गराउनु पर्दछ ।







चित्र नं. २८



चित्र नं. २९

## छलफलका लागि प्रश्न



१. चित्रमा देखाए जस्तै हाम्रो विद्यालयलाई पनि बालमैत्री बनाउन हामीले के कस्तो काम गर्न सक्छौँ होला ?

२. हाम्रो विद्यालयलाई बालमैत्री बनाउन क–कसले सहयोग गर्न सक्छन् होला ?

३. हाम्रो विद्यालयलाई बालमैत्री बनाउन सबैभन्दा बढी कसको भूमिका रहन्छ होला ? किन ?

## सहजकर्ताको लागि सुझाव:

यो छलफलको मुख्य सन्देश भनेको विद्यालयलाई बालमैत्री बनाउन सचेत र जागरुक अभिभावकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अभिभावकले आफ्ना बालबालिकाले विद्यालयमा गर्ने क्रियाकलापको बारेमा नियमित जानकारी लिने, विद्यालयमा दिएको गृहकार्य गरे नगरेको बुझ्ने, बालबालिकालाई कुनै समस्या रहेको भए विद्यालयमा जानकारी गराउने, विद्यालयले सञ्चालन गर्ने क्रियाकलापहरूमा आफ्ना बालबालिका सहभागी भए नभएको जानकारी लिने र उक्त क्रियाकलापमा सहभागी हुन हौसला प्रदान गर्ने, विद्यालयको भौतिक निर्माण तथा सुधारका लागि विद्यालयलाई आवश्यक सहयोग गर्ने तथा समय समयमा विद्यालयको समग्र विकासको बारेमा छलफल आयोजना गर्न लगाउने कार्य गर्नु पर्दछ । यसका लागि अभिभावकहरू नै जिम्मेवार हुन्छन् भन्ने जानकारी गराई आफ्नो विद्यालय निर्माणका लागि के–के गर्ने भनेर योजना तयार गर्न लगाउने ।

# बालमैत्री विद्यालयमा बालबालिकाको प्रतिभा र क्षमता पहिचान




चित्र नं. ३०

# बालमैत्री विद्यालयका पूर्वाधारहरु




चित्र नं. ३१